मिति : २०८२/०४/१४, कापा बैठक संख्या: ०१-०८२/८३

प्रमाणित गर्ने

बैठक नं. ९

आज मिति २०८२ साल श्रावण १४ गते बुधबार (ने.सं. ११४५, गुंलाथ्व, षष्ठी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समय: दिनको ठिक १:०० बजे।

स्थान: कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरुङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

सहयोगीहरु

| | | | |
|---|---|---|---|
| १५ | | श्री गिरीराज अर्याल | प्रशासकीय अधिकृत |
| १६ | | श्री नगेन्द्र मल्ल | कम्प्युटर अपरेटर |
| १७ | | श्री धनपति ज्ञवाली | सचिवालय |
| १८ | | श्रीं बिनु तरामु | कार्यालय सहयोगी |

माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

मिति : २०८२/०४/१४, का.पा.बैठक संख्या: ०१-०८२/८३

प्रस्तावहरु

१.१ आ.व. २०८२/८३ को कार्यक्रम कार्ययोजना निर्माण सम्बन्धमा,

१.२कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा,

१.३जानकारी सम्बन्धमा,

१.४ आय ठेक्का सम्बन्धमा,

१.५ नापी तथा मालपोत कार्यालय बुटवललाई जिन्सी सामग्री उपलब्ध गराउने सम्बन्धमा,

१.६ वार्षिक समीक्षा सम्बन्धमा,

१.७ सफ्टवेयर खरीद सम्बन्धमा

निर्णयहरू

**१.१. आ.व. २०८२/८३ को कार्यक्रम कार्ययोजना निर्माण सम्बन्धमा,**

चालु आ.व.मा कार्यान्वयनका लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरू सुव्यवस्थित एवं गुणस्तरीय तवरले समयमै सम्पन्न गर्नका लागि सबै शाखा र वडा कार्यलयहरूलाई २०८२चैत्र मसान्त भित्रै सम्पन्न गर्ने गरी वार्षिक कार्यान्वयन कार्ययोजना तयार गरी १५ दिनभित्र पेश गर्नका लागि निर्देशन दिने।

उक्त कार्ययोजना स्वीकृत गर्ने अख्तियारी गाउँपालिका अध्यक्षलाई प्रदान गर्ने । स्वीकृत कार्ययोजना कार्यान्वयन गराउनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**१.२. कार्यापालिका बैठकको समीक्षा सम्बन्धमा सम्बन्धमा,**

गत आ.व. २०८१/८२ मा ३३ पटक कार्यपालिका बैठक बसेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कम्तिमा महिनामा १ पटक बैठक बस्नुपर्ने १ भन्दा बढी पटक बसेको, कार्यपालिकाका निर्णयहरू कार्यालयको वेभसाइट मार्फत सार्वजनिक गरिएको, हालसम्मका बैठकमा सर्वसम्मत निर्णय भएको र अधिकांश निर्णयहरू कार्यान्वयन भएको ।

**१.३. जानकारी सम्बन्धमा,**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंको च.नं. ३ मिति २०८२/०४/०२ गतेको स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ सार्वजनिक गरिएको पत्र प्राप्त भइ स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी सुधारका लागि सहयोग र सहजीकरण गर्न हाल अभ्यासमा रहेका स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन कार्यविधि, २०७७, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को एकीकरण तथा परिमार्जन गरी स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ आ.व.

निर्णय प्रमाणित गर्दै



२०८२/८३ देखि कार्यान्वयन हुने गरी सार्वजनिकीकरण भएको बेहोरा प्रमुख प्रशासकीय अधिकृत श्री माधव प्रसाद पोखेलबाट बैठकमा जानकारी भयो । उक्त कार्यविधि अनुरूप कार्य गर्न गराउन सम्बन्धित शाखा, वडा कार्यालय र जनप्रतिनिधिहरूलाई निर्देशन दिने र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

१.४. आय ठेक्का सम्बन्धमा,

कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८२ ले तोकेको दर रेटका आधारमा कवाड जन्य वस्तुको निकासी सम्बन्धी आय ठेक्का लागि प्रचलित खरीद ऐन, नियमावली र कानून बमोजिम आय ठेक्का आव्हान गर्न निर्देशन दिने ।

१.५. नापी तथा मालपोत कार्यालय बुटवललाई जिन्सी सामग्री उपलब्ध गराउने सम्बन्धमा,

नापी कार्यालय बुटवलको च.नं. ११५५ मिति २०८२/०१/२४ र मालपोत कार्यालय बुटवलको च.नं. ९९७३ मिति २०८२/०१/०८ गतेको पत्र बाट जिन्सी सामग्री माग भई आएकोमा कार्यालयको आवश्यकता, कार्य बोझ र कार्य प्रकृति समेतका आधारमा सेवा प्रवाहमा प्रभावकारीता, सेवा प्रवाहलाई चुस्त र छरितो बनाउन मालपोत कार्यालय बुटवललाई रू. २,५०,०००/- र नापी कार्यालय बुटवललाई रू.१,५०,०००/- बराबरको जिन्सी सामग्री खरीद गरी हस्तान्तरण गर्ने ।

१.६. वार्षिक समीक्षा सम्बन्धमा,

कञ्चन गाउँपालिकाको आ.व. २०८१/८२ वार्षिक समीक्षा सम्वत् २०८२ साल श्रावण महिनाभित्र शाखा प्रमुख, वडा सचिव, जनप्रतिनिधि लगायत कर्मचारीहरूको उपस्थितिमा गर्ने र कार्यक्रम वापतको खर्च स्वीकृत वार्षिक बजेटको उपयुक्त शिर्षकबाट उपलब्ध गराउने ।

१.७. सफ्टवेयर खरीद सम्बन्धमा,

गाउँपालिकाका योजनाहरू पारदर्शी, छिटो-छरितो, प्रविधि मैत्री बनाई एकीकृत तथ्याङ्क संकलन तथा भण्डारणका लागि पहिले प्रयोग गरिदै आएको प्रणालीमा कार्यालयका आवश्यकता बमोजिमका तथ्याङ्क तथा प्रतिवेदन प्राप्त गर्न नसकिएको

गाउँपालिकाका योजना तथा अनुगमन प्रणालीलाई व्यवस्थित गर्न र प्रविधि मैत्री सेवा प्रवाह गरी विद्युतीय शासनको अनुभूति दिलाउन स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रही सफ्टवेयर खरीदका लागिप्रक्रिया अगाडी बढाउन निर्देशन दिने ।

<u>अन्त्यमा,</u> गाउँपालिकाअध्यक्ष श्री नवराज ढकालबाटपहिलो कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो।